# खोटो सङ्कलन(कार्यविधि) निर्देशिका, २०६४

**स्वीकृत मितिः**
**२०६४।५।२७**

## प्रस्तावना

नेपालको वन क्षेत्रभित्र पाईने सल्ला जातका रुखहरुको उचित व्यवस्थापन गरी खोटो सङ्कलनसम्बन्धी काम कारवाहीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई यसको सदुपयोगलाई सुनिश्चित गर्ने उद्देश्यले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले यो कार्यविधि निर्देशिका बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "खोटो सङ्कलन(कार्यविधि) निर्देशिका, २०६४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषा :** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले वन नियमावली, २०५१ सम्झनु पर्छ ।

(ग) "अधिकार प्राप्त अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृतलाई सम्झनु पर्छ ।

(घ) "सल्ला" भन्नाले वन क्षेत्रमा पाईने खोटेसल्ला *(Pinus roxburghii)*, पाटेसल्ला *(Pinus patula)* र गोब्रेसल्ला *(Pinus wallichiana)* लाई सम्झनुपर्छ ।

(ङ) "खोटो" भन्नाले खण्ड (घ) बमोजिम सल्लाको खोटो (pine resin) सम्झनुपर्छ ।

(च) "क्षेत्र" भन्नाले खोटो सङ्कलनगर्ने उद्देश्यले जिल्ला वन कार्यालयले खोटो सङ्कलनगर्न योग्य रुखहरुमा नम्वरिङ्ग गरी स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनुपर्छ ।

(छ) "कुप" भन्नाले क्षेत्र अन्तर्गत खोटो सङ्कलनगर्ने उद्देश्यले खोटो सङ्कलनगर्न योग्य भएका सरदर १०,००० वटा रुखहरु भएको स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनु पर्दछ । तर यस शब्दले कुनै वन क्षेत्रमा कम्तीमा १,००० वटा सम्म खोटो सङ्कलनगर्न योग्य रुखहरु भएमा छुट्टै कुपको नामाकरण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(ज) "सबकुप" भन्नाले कुप अन्तर्गत बार्षिक कार्य सञ्चालन तथा एकजना कामदारको कार्य क्षेत्रको ईकाइको हिसावले खोटो सङ्कलनगर्न सजिलो हुने गरी खोटो सङ्कलनगर्न योग्य भएका सरदर ५०० देखि १,५०० वटा सम्म रुखहरु भएको स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनुपर्छ ।

(झ) "खोटो सङ्कलनगर्न योग्य रुख" भन्नाले जमीनको सतहबाट १ मिटर ३० से. मी. (छातिको

उचाई) मा कम्तिमा ३० से.मी. वा सो भन्दा बढी व्यास भएका सल्लाको रुखलाई सम्झनु पर्छ ।

(ञ) "रिल प्रविधि" भन्नाले यस निर्देशिकाको परिच्छेद-४ मा उल्लेख भए बमोजिमको खोटो निकाल्ने तरिकालाई सम्झनुपर्छ ।

(ट) "उद्योग" भन्नाले नेपाल सरकार वन तथा भू–संरक्षण मन्त्रालयको निर्णय बमोजिम खोटो सङ्कलनगर्न इजाजत पाई सोही अनुरुप वन विभागसँग करारनामा गरेका प्रचलित कानून बमोजिम खोटो प्रशोधन गर्न स्थापित उद्योगलाई सम्झनुपर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम वन क्षेत्रबाट खोटो सङ्कलनगर्न इजाजत प्राप्त गरेका रोजिन एण्ड टर्पेन्टाइन उद्योगलाई समेत जनाउँदछ ।

(ठ) "खोटो सङ्कलनगर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट तोकिएको वन क्षेत्रमा खोटो सङ्कलनगर्न इजाजत प्राप्त गरेका संघ/संस्था सम्झनुपर्दछ र सो शब्दले त्यस प्रकारको इजाजत प्राप्त गर्ने उद्योगलाई समेत जनाउँनेछ ।

(ड) "कामदार" भन्नाले उद्योग वा खोटो सङ्कलनगर्ने निकायबाट रिल निर्माण गर्न, खोटो सङ्कलनएवं ढुवानी गर्न, वन जंगल लगायत डिपो तथा घाटगद्दीमा रहेको खोटो संरक्षण गर्न खटाईएका व्यक्तिहरुलाई जनाउँनेछ ।

(ढ) "सुपरभाईजर" भन्नाले कामदारहरुको कामको निरिक्षण गर्न उद्योग वा खोटो सङ्कलनगर्ने निकायबाट खटाईएको व्यक्ति वा कर्मचारीलाई सम्झनुपर्छ ।

(ण) "अभिवृद्धि वृक्षारोपण (Enrichment Plantation)" भन्नाले आंशिक रुपमा रुख विरुवाले ढाकेको वीच वीचमा रहेको खाली ठाउँमा गरिने वृक्षारोपणलाई सम्झनुपर्छ ।

(त) "घाटगद्दी" भन्नाले सङ्कलनभएको खोटोलाई विक्री वितरण, ओसार पसार वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न जिल्ला वन कार्यालयले तोकेको ठाउँलाई सम्झनुपर्छ ।

(थ) "अनुगमन" भन्नाले खोटो सङ्कलनगर्ने क्षेत्रमा खोटो सङ्कलनभई रहेको समयमा वा सङ्कलनकार्य सम्पन्न भए पश्चात् तत् सम्बन्धी भए गरेका कार्यहरुलाई तथा स्वीकृत योजना बमोजिम कार्य ठीक तरीकाले भए नभएको विषयमा स्थलगत रुपमा गई अध्ययन तथा निरीक्षण गर्ने र सो को प्रतिवेदन पेश गर्ने कार्यलाई जनाउँछ ।

(द) "वार्षिक अनुगमन" भन्नाले खोटो सङ्कलनगर्ने काम गर्न पाएको वनमा खोटो सङ्कलनतथा घाटगद्दी र छोडपूर्जी आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि जिल्ला वन कार्यालय र उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा सम्बन्धित क्षेत्रिय वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलनगर्ने सिजन वा याम समाप्त भएपछि हरेक वर्ष गर्ने स्थलगत अनुगमनलाई सम्झनुपर्छ ।

(ध) "अन्तिम जाँच" भन्नाले उद्योग वा खोटो सङ्कलनगर्ने निकायले खोटो सङ्कलनगर्ने काम गर्न इजाजत पाएको वनमा खोटो सङ्कलनतथा घाटगद्दी, छोडपूर्जी आदि समेतका सम्पूर्ण कार्य सम्पन्न भएपछि जिल्ला वन कार्यालय र उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा सम्बन्धित क्षेत्रिय वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलनगर्ने करारनामा बमोजिम तोकिएको अवधि समाप्त भएपछि वा अन्य कुनै कारणबाट खोटो सङ्कलनगर्ने कार्य छोड्नु पर्ने भएमा सो बखत गरेको जाँचलाई सम्झनुपर्छ ।

(न) "डिपो" भन्नाले संकलित खोटो सुरक्षित साथ राख्न जिल्ला वन कार्यालयले तोकिदिएको स्थान सम्झनुपर्छ ।

(प) "सर्वेक्षण एवं अनुसन्धान गर्ने निकाय" भन्नाले वन अनुसन्धान तथा सर्वेक्षण विभागलाई सम्झनुपर्छ । सो शब्दले वन तथा भू–संरक्षण मन्त्रालय अन्तर्गतका वन विभाग, वनस्पति विभाग वा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी र तत् सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न नेपाल सरकारबाट मान्यता पाएको संघ/संस्था तथा इजाजत प्राप्त गर्ने व्यक्ति समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## खोटोको स्रोत सर्वेक्षण तथा क्षेत्र छनौट सम्वन्धी व्यवस्था

३. **खोटोको स्रोत सर्वेक्षण सम्वन्धी आधारभुत तथ्याङ्क सकंलन गर्नुपर्ने :** (१) वन अनुसन्धान तथा सर्वेक्षण विभागले तोकेको विधि अनुसार सल्लाको स्रोत सर्वेक्षण अनुसन्धान गर्ने निकाय आफैंले वा यस्तो कार्य गर्न मान्यता प्राप्त निकाय, व्यक्ति वा संस्थाबाट तथ्याङ्क सङ्कलनगर्नु पर्नेछ ।

(२) स्रोत सर्वेक्षण सम्बन्धी कार्य सम्पन्न गर्दा प्रचलित नर्मस बमोजिम हुने सम्पूर्ण खर्च उद्योग वा खोटो सङ्कलनगर्ने निकायले आफ्नो लगानीमा सम्पन्न गर्नु पर्नेछ ।

(३) स्थलगत रुपमा खटिएको स्रोत सर्वेक्षण टोलीले सम्बन्धित जिल्लाको जिल्ला वन कार्यालयसँग अनिवार्य रुपमा समन्वय गर्नुपर्ने छ ।

(४) स्थलगत रुपमा गई नाप लिईएका नमूना प्लटहरु (Sample plots) को पुनः निरीक्षण, सर्वेक्षण गर्न आवश्यक पर्ने भएकाले सकभर फिल्ड तथा रेकर्डमा आधिकारीक र भरपर्दो गरी सुरक्षित राख्नु पर्ने छ ।

४. **तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्नुपर्ने :** (१) स्रोत सर्वेक्षणको आधारमा समग्र सल्लाका रुखहरूको औसत साइज (Average Stand Size) र औसत छत्र-घनत्व (Average Crown Density or Closure) पहिचान गरी तिनको आधारमा सल्लाका वनलाई वर्गीकरण गर्नु पर्नेछ र यी क्षेत्रको नक्सा सहित चार किल्ला स्पष्टसँग यकिन गर्नु पर्नेछ । यस खालको विवरण क्षेत्र तथा कुपको हिसावले उक्त क्षेत्रहरुको नामाकरण समेत स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ ।

(२) स्रोत सर्वेक्षणको तथ्याङ्कको आधारमा हरेक कुपको छुट्टा छुट्टै हिसाब गरी दिगोरुपमा उपलब्ध हुनसक्ने खोटोको वार्षिक परिमाण स्पष्टसँग खुल्ने गरी स्रोत सर्वेक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको प्रतिवेदन उपर वन अनुसन्धान तथा सर्वेक्षण विभागबाट सो प्रतिवेदनको प्राविधिकरुपले गुणस्तर परिक्षण गरी उपयुक्त देखिएमा सो विभागको सिफारिसमा वन विभागले प्रतिवेदन स्वीकृत गर्न सक्नेछ ।

५. **क्षेत्र छनौट तथा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने :** (१) दफा (४) बमोजिमको प्रक्रिया पूरा भै सकेपछि सल्लाको खोटो दिगो रुपमा सङ्कलनगर्न सकिने परिमाणलाई समेत मध्यनजर राखी खोटो सङ्कलनगर्ने क्षेत्र निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षेत्रलाई वन कार्ययोजनामा समावेश गर्नुपर्नेछ ।

(३) वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को प्रावधान बमोजिमको प्रक्रिया पूरा गरी वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत भएपछि स्वीकृत वन कार्ययोजनाको अधिनमा रही तोकिए बमोजिमको विधि अनुसार खोटो सङ्कलनगर्ने क्षेत्रको छनौट गर्नु पर्नेछ ।

## परिच्छेद -३

## कुप निर्माण तथा तत्सम्बन्धी अन्य व्यवस्था

६. **रुख गणना तथा कुप निर्माण गर्नुपर्ने :** (१) खोटो सङ्कलनगर्ने क्षेत्र छनौट गर्ने कार्य गरिसकेपछि सो क्षेत्रमा भएका खोटो सङ्कलनगर्न योग्य रुखहरुको संख्या गणना गरी यकिन गर्नु पर्नेछ ।

(२) एउटै वन क्षेत्रमा ३०,००० भन्दा बढी खोटो निकाल्न सकिने योग्य रुखहरु भएमा कामदारहरुलाई निरीक्षण तथा अभिलेख राख्न सजिलो हुने गरी वनको प्रकृति हेरी सरदर १०,००० सम्म रुखहरु पर्ने गरी सो क्षेत्रलाई कुपमा विभाजन गर्नुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै क्षेत्रमा १०,००० भन्दा कम रुखहरु भएको अवस्थामा एउटै कुप मान्न कुनै बाधा परेको मानिने छैन ।

(४) रुख गणना (Enumeration), कुप विभाजन तथा रुख नम्बरिङ्ग गर्ने कार्य उद्योग वा खोटो सङ्कलनगर्ने निकायले आफ्नै लगानीमा सम्पन्न गर्नु पर्नेछ ।

(५) कुप विभाजन कार्य सम्पन्न भैसकेपछि बार्षिक कार्य सञ्चालन तथा एकजना कामदारको कार्य क्षेत्रको ईकाइको हिसावले कुपलाई सबकुपमा विभाजन गर्नुपर्नेछ । यसरी सबकुप बनाउँदा प्रति सबकुपमा ५००–१,५०० सम्म रुखहरु पर्ने गरी छुट्ट्याएर उद्योग वा निकायद्धारा रिल बनाउन, सङ्कलनकार्य गर्न एकजना कूप कामदार नियुक्त गरी जिम्मा लगाउनु पर्नेछ ।

(६) रुख-गणना र कुप निर्माण कार्य खोटो सङ्कलनकार्य शुरु गर्नु पूर्व गरिसक्नु पर्नेछ ।

(७) रुख-गणना र कुप निर्माण कार्य सम्पन्न भई सकेपछि उद्योगले अनुसूची –१ बमोजिमको रुख गणनाको रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ । सो अभिलेखको Electronic copy वन विभाग, सम्बन्धित क्षेत्रिय वन निर्देशनालय र जिल्ला वन कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(८) गणना भएका रुखहरुलाई स्पष्टसँग छुट्टिने गरी अनुसूची–२ बमोजिमको ढाँचामा इनामेलले धातु वा एल्मुनियमको पातामा नम्बरिङ्ग गरी चिन्ह लगाई राख्नु पर्नेछ ।

(९) रुख-गणना कार्य कम्तिमा हरेक ५ वर्षमा गर्नु पर्नेछ । यस अवधिमा मरेका वा नासिएका रुखहरुको कारण सहितको यथार्थ विवरण समेत पेश गर्नु पर्नेछ । प्राप्त विवरणमा उल्लेखित प्रकृती अनुसार कारवाही गर्ने, मिनाहा गर्ने तथा जिम्माबाट हटाउने लगायतका काम कारवाहीको टुङ्गो अधिकार प्राप्त अधिकारीले लगाउनु पर्नेछ ।

(१०) उपदफा (९) मा जुनसुकै लेखिएको भएतापनि यदि कुनै दैवी प्रकोप वा अन्य कुनै कारणबाट रुखहरु मर्न गएमा सो को जानकारी तुरुन्तै जिल्ला वन कार्यालयलाई दिनुपर्नेछ । जिल्ला वन कार्यालयले आवश्यक जाँचबुझ गरी हानीनोक्सानीको प्रकृतिको वास्तविकता हेरी कारबाही गर्नुपर्नेछ ।

७. **रुख छनौट गर्ने :** (१) रुखहरुको छनौट गर्दा जमीनको सतहबाट १ मिटर ३० से.मी. (छातिको उचाई) मा ३० से.मी. वा सो भन्दा बढी ब्यास भएका रुखहरूको छनौट गरी गणना गर्ने कार्य गर्नुपर्ने छ । तर चोटपटक लागेको, टुप्पो भाँचिएको रुख र भू–क्षय हुनसक्ने स्थानमा रहेका रुख खोटो संकलनको लागि छनौट गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिम रुख छनौट गर्दा सल्लाको पुनरुत्पादनमा असर नपरोस् र भविष्यमा कुनै किसिमको रोग, कीराको आक्रमण वा दैवी प्रकोप वा अन्य कुनै कारणबाट सल्लाको वनमा पर्न सक्ने उल्लेखनीय प्रतिकूल प्रभाव न्यून गरी त्यस प्रजातिको अस्तित्व कायम राखी दिगो संरक्षण र सदुपयोगलाई सुनिश्चित गर्न खोटो सङ्कलनगर्न योग्य रुखहरुमध्येबाट प्रति हेक्टर ५ वटा स्वस्थ रुखहरू खोटो सङ्कलननगरी छोड्नु पर्नेछ । यसरी रुखहरु छोड्दा वनको घनत्व, अवस्थिति र दूरी समेतलाई आधार मानी सबै स्थानको प्रतिनिधित्व हुने गरी रुख छोड्नुपर्नेछ । यसरी छोडिएका रुखहरुलाई स्पष्टसँग छुट्टिने गरी अनुसूची–२ बमोजिमको ढाँचामा रुखलाई कुनै पनि प्रतिकूल असर नपार्ने गरी इनामेलले धातु वा एल्मुनियमको पातामा नम्बरिङ्ग गरी चिन्ह लगाई राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छोडिएका रुखहरुको विवरण अनुसूची –३ बमोजिमको ढाँचाको रजिष्टर बनाई अभिलेख राख्नु पर्नेछ । सो अभिलेखको Electronic copy वन विभाग, सम्बन्धित क्षेत्रिय वन निर्देशनालय र जिल्ला वन कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(४) खोटो-संकलनका लागि प्रतिरुख प्रति वर्ष ३.५ देखि ५ किलोग्राम (खोटेसल्लाको हकमा मात्र) को हिसाबबाट रुखहरूको छनौट गर्नु पर्नेछ । खोटो संकलनका लागि रिल निर्माण गरी सोही प्रविधिका आधारमा खोटो सङ्कलनकार्य गर्नुपर्ने छ ।

(५) खोटो संकलनका लागि गरिने रुख छनौट लगायतका तयारीका सबै कार्यहरु प्रत्येक वर्ष फाल्गुण महिनासम्ममा गरिसक्नु पर्नेछ ।

८. **रुखहरु जिम्मा रहने :** (१) जिल्ला वन कार्यालयले दफा (६) र (७) का सम्पुर्ण रुखहरु पहिलो वर्षमा नै उद्योग वा खोटो सङ्कलनगर्ने निकायको जिम्मा लगाउनु पर्नेछ । यसरी जिम्मा लगाईएका रुखहरु र ती रुखहरु भएको वनक्षेत्रको संरक्षण गर्ने दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायको हुनेछ ।

९. **डिपोको स्थापना :** (१) संकलित खोटो राख्न जिल्ला वन कार्यालयले तोकेको स्थानमा सङ्कलनडिपो स्थापना गर्नु पर्नेछ ।

(२) सङ्कलनडिपोहरू स्थापना गर्दा सकेसम्म सबै कूपहरूबाट पायक पर्ने गरी र प्रत्येक कूपको नियमित निरीक्षण हुनसक्ने कुरालाई समेत विचार गरी स्थान छनौट गर्नु पर्नेछ ।

१०. **अम्लको मिश्रण बनाउने विधि :** (१) खोटो-सङ्कलनगर्दा बनाइने रिलको प्वालबाट खोटोको बहाव बढाउन उत्तेजकको रूपमा प्रयोग गरिने अम्लको मिश्रण बनाउँदा बढीमा २०% गाढापन (Concentration) शक्तिको पातलो गरिएको गन्धक अम्ल (Dilute Sulphuric Acid) र नाईट्रिक अम्ल (Dilutle Nitric Acid) को १:१ को अनुपातको मिश्रण प्रयोग गर्नु पर्नेछ ।

(२) तयारी अम्लको मिश्रण उद्योग वा निकायले सुरक्षित प्रयोगका लागि आवश्यक पर्ने ज्ञान वा शिप समेत कामदारहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खोटो-सङ्कलनगर्दा २०% गाढापन (Concentration) भन्दा बढी शक्तिको अम्लको मिश्रण प्रयोग गर्न पाईने छैन । अम्लको मिश्रणको गाढापन वा शक्ति बढी भएको कारणबाट रुख मर्न गएमा वा रुखमा कुनै प्रकारको प्रतिकूल प्रभाव परेको शङ्का लागी अम्लको मिश्रणको गाढापन वा शक्ति जाँच गर्न उपयुक्त ठानेमा अधिकार प्राप्त अधिकारीले उद्योग वा खोटो सङ्कलनगर्ने निकायको प्रतिनिधिको रोहवरमा नमूना लिई शिलबन्दी गरी वन अनुसन्धान तथा सर्वेक्षण विभाग वा मान्यता प्राप्त अन्य निकाय मार्फत् रासायनिक परीक्षणको लागि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुसन्धान निकायबाट रासायनिक परिक्षण गर्दा तोकिएको मापदण्डभन्दा बढी गाढापन वा शक्ति भएको अम्लको मिश्रण प्रयोग गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायलाई उक्त क्षेत्रमा कम्तिमा एक सिजनका लागि खोटो सङ्कलनगर्नबाट बन्देज लगाई कानून बमोजिम कारबाही समेत गर्न सक्नेछ ।

## परिच्छेद -४

## रिल निर्माण, खोटो सङ्कलनतथा तत्सम्बन्धी अन्य व्यवस्था

११. **रुखमा रिल बनाई खोटो सङ्कलनगर्नुपर्ने :** (१) रिल बनाउने कार्य खोटो-संकलनको पूर्व-तयारी भएकोले खोटो-सङ्कलनगर्नु भन्दा करीब ७ देखि १० दिन अगाडि रिल बनाउने कार्य शुरु गर्नु पर्नेछ ।

(२) रिल निर्माण गर्दा नम्बर लगाई छानिएका रुखहरूमा मात्र गर्नु पर्नेछ । खोटो सङ्कलनगर्न छानिएका रुखहरुको फेदबाट एक मीटरको अर्धव्यास क्षेत्र भित्र रहेका सुकेका पात पतिङ्गर र झारपात सफा गर्नु पर्नेछ ।

(३) रिल निर्माण एवं खोटो-सङ्कलनकार्य गर्दा कामदारलाई सकभर समोच्चरेखा (Contour lines)

को समानान्तर बाटोबाट हिंड्न निर्देशन दिनु पर्नेछ ।

(४) खोटो सङ्कलनकार्यका लागि रिल निर्माण गर्दा बाटोको छेउछाउमा नगरी सकेसम्म बाटोबाट नदेखिने साइडमा गर्नु पर्नेछ ।

(५) खोटो संकलनको कार्यमा प्रयोग हुने बोका ताछ्ने (बार्क सेभर), रिल बनाउने चक्कु र सेन्ट्रल ग्रुभ कटर जस्ता औजारहरु राम्रो धार भएको हुनु पर्नेछ ।

(६) खोटो सङ्कलनकार्यलाई सहज बनाउन प्रयोग गरिने कुपी सकभर बढी खप्ने टिनको वा अन्य धेरै समय खप्ने वस्तु वा धातुको पाताबाट बनाउनु पर्ने छ ।

(७) रिल-निर्माण गर्न छानिएका रुखको फेदबाट १५ से.मी. माथि मूल काण्डको ४५ से.मी. X ३० से.मी. बराबरको क्षेत्रबाट बोक्रा ताछ्ने औजार (बार्क सेभर) को सहायताबाट सुकेका बोक्रा ताछी सफा गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सफा गरिएको ठाउँमा ३२ से.मी. X १६ से.मी. साइजको ब्लेज फ्रेमको मद्दतबाट मार्किङ गेजद्वारा चिनो लगाई ब्लेजको साइज तयार गर्नु पर्नेछ । सो को ठीक बीचमा एउटा लामो ४ मि.मि. गहिरो र ७–९ मि.मि. चौडा खाँच सेन्ट्रल ग्रुभ कटर प्रयोग गरी बनाउनु पर्नेछ । खाँचको दुवैतिर ४५° को कोण बनाई चक्कु (फ्रेसनिङ्ग नाईफ) को सहायताबाट २ मि.मि. गहिरो रिल बनाउनु पर्नेछ ।

(९) खाँचको फेदमा ७ से. मी. X ६.५ से. मी. को टिनको पत्ती (लिप) बोक्रामा घुसारी टिनको पत्तीको २.५ से.मी. तल एक मसिनो ल्वाङ किलाको सहायताबाट टिनकै कुपी रिलबाट खाँच भएर खोटो-सङ्कलनहुन सक्ने गरी झुन्डयाउनु पर्नेछ ।

(१०) रुखमा रिल-निर्माण गर्ने कार्य पूर्ण प्राविधिक कार्य भएको हुँदा तालिम प्राप्त कामदारको मात्र प्रयोग गर्नु पर्नेछ । जथाभावी रिल बनाइएको वा तोकिएको भन्दा गहिरो घाऊ पारिएको जानकारी प्राप्त भएमा वा जिल्ला वन कार्यालयले निरीक्षण अनुगमन गर्दा सो अनुरुप गरेको देखिन आएमा त्यस्तो कार्यलाई तत्काल रोक्न लगाई उद्योग वा खोटो सङ्कलनगर्ने निकायलाई सचेत गराउनु पर्नेछ ।

(११) पहिलो पल्ट रिल बनाई खोटो-सङ्कलनगरेको तीन दिन बितेपछि पूनः त्यसमाथि ५ मि.मि.को फरकमा एक पटकमा एकातिर र अर्को तीन दिन पछि अर्को तिर एक रिल बनाउँदै जाने र सोही रीतले प्रत्येक सातामा दुबै तर्फ १/१ नयाँ रिल थप्दै जान सकिनेछ ।

(१२) उपदफा (११) बमोजिम नयाँ रिल बनाई सकेपछि स्प्रे बोटल (Spray Bottle) बाट रिलमा पर्ने गरी बढीमा २० प्रतिशतको अम्ल-मिश्रण (Sulphuric Acid + Nitric Acid) को झोल रुखलाई उल्लेखनीय प्रतिकुल प्रभाव नपर्ने गरी छर्किन सकिनेछ । यसरी अम्ल-मिश्रण छर्दा स्प्रे बोतलबाट कम्तिमा ३–५ से. मी. टाढा रहने गरी छर्कनु पर्नेछ ।

(१३) आठ महीनाको एक सिजनमा (चैत्रदेखि कार्तिकसम्म) बढीमा ३२/३२ वटा रिलहरू बनाउन सकिने र एक रिल देखि अर्को रिलको दूरी वीच समानता र गहिराईमा एकरुपता ल्याउन फ्रेसनिङ्ग नाइफको गाईडको प्रयोग गर्नु पर्नेछ ।

(१४) पहिले बनाइएको ब्लेजमा एकमाथि अर्को थप्दै ५ बर्षसम्म खोटो-सङ्कलनगर्नु पर्नेछ । सो अवधि पछि पनि खोटो सङ्कलनगर्नुपर्ने अवस्था भएमा पहिलो ठाउँमा बनाइएको ब्लेजको लाइनबाट एकातर्फ ७.५ से.मी. छोडी अर्को ठाउँमा ब्लेज तयार गरी पूनः सोही प्रक्रियाबाट रिल-निर्माण गरी खोटो सङ्कलनगर्नु पर्नेछ । खोटो कुपीमा भरिई बाहिर गई नोक्सानी हुन नदिन अघि अर्को भाँडामा खन्याई सङ्कलनगरी राख्ने व्यवस्था मिलाउन पर्नेछ ।

(१५) छनौट गरी नम्बर लगाइएका रुखहरूमा मात्र रिल-निर्माण गरिए नगरिएको सम्बन्धमा उद्योग वा खोटो सङ्कलनगर्ने निकायबाट खटिएका सुपरभाइजर तथा खोटो सङ्कलनगरिने सम्बन्धित

क्षेत्रको रेञ्जपोष्टका कर्मचारीद्वारा नियमित रुपमा अनुगमन गरी सो को प्रतिवेदन समेत तयार गरी राख्नु पर्नेछ ।

(१६) उपदफा (१५) बमोजिम तयार भएको प्रतिवेदन जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने र सो प्रतिवेदनबाट कुनै किसिमको अनियमित कार्य भए गरेको पाईएमा जिल्ला वन अधिकृतले तत्सम्बन्धमा आवश्यक कारबाही गर्नु पर्नेछ ।

(१७) खोटो सङ्कलनगर्ने अर्को सिजन शुरु हुनुभन्दा अगाडि काम नलाग्ने कुपीहरू एकत्रित गरी वनक्षेत्र बाहिर सुरक्षित ल्याई डिस्पोज गरिसक्नु पर्नेछ ।

१२. **खोटो सङ्कलनगर्ने अवधि :** (१) खोटो सङ्कलनगर्ने कार्य प्रत्येक वर्षको चैत्र १ गते देखि कार्तिक मसान्तसम्म (वर्षको आठ महिना) मात्र गर्नुपर्नेछ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि खोटो सङ्कलनगर्ने वन क्षेत्र छनौट, रुख गणना, कुप निर्माण, ढुवानी र प्रशोधन जस्ता खोटो सङ्कलनकार्यसँग सम्बन्धित कार्यहरु अन्य महिनाहरुमा गर्न भने बाधा पर्ने छैन ।

१३. **खोटो ढुवानी सम्बन्धी कार्यविधि :** (१) प्रत्येक कूपबाट सङ्कलनगरिएको खोटोलाई टिन वा अन्य त्यस्तै भाँडामा खन्याई तोकिएको पायक पर्ने डिपोमा ढुवानी गरी सुरक्षित साथ पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) डिपोबाट खोटो प्रशोधन गर्ने उद्योग (कारखाना) स्थल सम्म लैजानको लागि नियमानुसार लाग्ने राजश्व दस्तुर बुझाई जिल्ला वन कार्यालयबाट अनुसूची– ४ बमोजिमको चलानी पत्र र अनुसूची –५ अनुसारको ढाँचामा छोडपूर्जी लिनु पर्नेछ ।

(३) जिल्ला वन कार्यालयले दिएको छोडपूर्जी र चलानी पत्रको आधारमा ईलाका, रेन्जपोस्ट वा वन चौकीहरुले खोटोको चेकजांच गर्नु पर्नेछ । चलानी पत्र अनुसार खोटोको परिमाण तथा अन्य कुराहरु दुरुस्त भएमा सक्कल चलानी पत्रको पछाडि दरपिट गरी छोडी दिनु पर्नेछ ।

## परिच्छेद -५

## तालिम तथा सुरक्षासम्बन्धी व्यवस्था

१४. **कर्मचारी तथा कामदारलाई तालिम दिनुपर्ने :** (१) खोटो सङ्कलनगर्ने क्षेत्र तथा रुख छनौट, कुप एवं रिल निर्माण, खोटो संकलन, ढुवानी र घाटगद्दी, नियन्त्रित आगो लगाउने, सरसफाई सुरक्षा लगायतका कार्यमा संलग्न हुने कामदार, सुपरभाईजर र सहायक सुपरभाईजरहरुलाई यस सम्बन्धी कार्य शुरु गर्नु अगावै आवश्यक एवं व्यवहारिक ज्ञान दिन सम्बन्धित उद्योग वा निकायले तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) कामदारहरुको लागि तालिम सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायले संचालन गर्नुपर्ने छ । यसका साथै सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायले जिल्ला वन कार्यालय वा क्षेत्रीय वन तालिम केन्द्रसँग समन्वय गरी त्यस प्रकारको तालिम सञ्चालन गर्न सकिने छ ।

(३) उद्योग वा खोटो सङ्कलनगर्ने निकायले वन संरक्षणमा स्थानीय जनताको चेतना अभिवृद्धि गर्न आवश्यकता अनुसार चेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्नु पर्नेछ ।

(४) खोटो सङ्कलनसम्बन्धी सम्पूर्ण कामकारबाहीमा तालिम प्राप्त भएको वा अनुभव प्राप्त भएको व्यक्तिलाई मात्र काममा लगाउनु पर्नेछ ।

१५. **सरसफाई र सुरक्षा व्यवस्था मिलाउनु पर्ने :** (१) खोटो सङ्कलनकार्यमा संलग्न हुने कामदार तथा कर्मचारीहरुको लागि सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) वनक्षेत्रलाई सफा राख्न पूनः प्रयोगमा नआउने र प्रयोग भइसकेका कुपीहरू वार्षिक रूपमा अर्को सिजनको शुरुमा अर्थात् माघ महिनाभित्र कामदारहरु लगाई त्यस्ता कुपीहरू एकत्रित गरी हटाईसक्नु पर्नेछ ।

(३) अम्लको मिश्रण रिलहरूमा छर्कदा त्यसको छिर्का आँखामा, हातमा तथा शरीरका अन्य भागमा नपरोस् भन्नाका लागि चस्मा, पञ्जा र एप्रोनजस्ता सामाग्री प्रत्येक कामदारलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) खोटो-सङ्कलनकार्य गर्दा लाग्ने सानातिना घाउ-चोटपटकको उपचारका लागि मलहम, आयोडिन, कपास, पट्टीजस्ता प्राथमिक उपचारका सामान प्रत्येक डिपोमा उद्योग वा खोटो सङ्कलनगर्ने निकायले अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(५) खोटो सङ्कलनवा तत्सम्बन्धी कार्यमा आवश्यक पर्ने बाहेक वनक्षेत्रमा कामदारको आवतजावत गर्न दिनु हुँदैन । कामको सिलसिलामा कामदारहरू वनमा हिँड्दा बाटोमा पर्ने बोट बिरुवालाई हानि नपुऱ्याउने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(६) वनक्षेत्रमा रहेका वन्यजन्तुलाई तर्साउने, लखेट्ने, मार्ने, तिनीहरुको वासस्थानलाई क्षति वा अन्य कुनै तवरले पनि हानि नोक्सानी नपुचाउन आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । साथै वन्यजन्तुलाई हानि नोक्सानी पुचाउन सक्ने कुनै किसिमका हात हतियार वनक्षेत्रमा लैजान पाईने छैन ।

(७) वनक्षेत्रभित्र रहेका मठ-मन्दिर वा पुरातात्विक महत्वका सम्पदा, वातावरणीय तथा जैविक विविधता संरक्षणको दृष्टिले संवेदनशील क्षेत्रको कम्तिमा १०० मिटर वरपर खोटो-सङ्कलनगर्न पाईने छैन ।

(८) प्रचलित कानूनले निषेध गरेका कुनै पनि काम कारबाही गर्न वा हुन नदिन उद्योग वा खोटो सङ्कलनगर्ने निकायले उचित व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद -६

## पुनर्स्थापन कार्य र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

१६. **पुनर्स्थापनको व्यवस्था मिलाउनु पर्ने :** (१) खोटो सङ्कलनकार्यबाट सल्लाको प्रजातिको दिगो संरक्षण, सम्बर्द्धन र विकासमा पर्नसक्ने प्रतिकूल प्रभावलाई रोक्न तथा यसबाट पर्ने वातावरणीय प्रभाव समेतलाई न्यूनिकरण गरी दिगोरुपमा खोटो सङ्कलनगर्न सकिने अवस्थालाई सुनिश्चित गर्न उद्योग वा खोटो सङ्कलनगर्ने निकायले जिल्ला वन कार्यालयले तोकिदिएको स्थानमा हरेक ५ वर्षमा उपदफा (२) बमोजिमको क्षेत्रफलमा वृक्षारोपण गर्नुपर्ने छ ।

(२) १,००० मेट्रिक टन वा सो भन्दा कम परिमाणमा खोटो सङ्कलनगर्ने उद्योगले न्यूनतम पाँच हेक्टर क्षेत्रफलमा खोटे सल्लाको वृक्षारोपण गर्नुपर्ने छ । १,००० मेट्रिक टन भन्दा बढी परिमाणमा खोटो सङ्कलनगर्दा प्रति १,००० मेट्रिक टनका लागि थप ३.५ हेक्टरको दरले खोटे सल्लाको वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण समेत गर्नु पर्नेछ ।

(३) उद्योग वा खोटो सङ्कलनगर्ने निकायले सङ्कलनईजाजत पाएको तेस्रो वर्षसम्ममा उपदफा (२) बमोजिमको वृक्षारोपण गर्ने कार्य सम्पन्न गरी सक्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम वृक्षारोपण गर्न उद्योगलाई उपलब्ध गराईने वन क्षेत्र खोटो संकलनका लागि उपलब्ध गराईएको क्षेत्र भित्रै वा सो क्षेत्रसँग जोडिएको उपयुक्त स्थान जिल्ला वन अधिकृत आफैंले वा निजले खटाएको प्राविधिकले सकभर एउटै स्थानको खोजी गरी उपलब्ध गराउनु पर्नेछ ।

(५) वृक्षारोपण गर्न प्राकृतिक रुपमा नाङ्गो रहेको क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ । यस्तो स्थानको अभाव भएमा फाटफुट रुखमात्र भएको, प्राकृतिक पुनरुत्पादन राम्रो नभएको स्थानमा अभिवृद्धि वृक्षारोपण (Enrichment plantation) गर्न सकिनेछ । वृक्षारोपण गर्दा सकभर सल्ला प्रजाती छनोट गर्नु उपयुक्त हुने तर सल्लाको वृक्षारोपण हुन नसक्ने स्थानमा अन्य प्रजातीको पनि वृक्षारोपण गर्न सकिने छ ।

(६) उपदफा (१) र (२) बमोजिम वृक्षारोपण गर्दा लाग्ने सर्म्पूण खर्च तथा सो वृक्षारोपण क्षेत्रको पाँच वर्षसम्म संरक्षण गर्नुपर्ने दायित्व सम्बन्धित उद्योग वा निकायको हुनेछ ।

(७) वृक्षारोपण क्षेत्र भित्र हुर्केका अन्य जैविक स्रोतहरुको रोपिएका विरुवालाई प्रतिकूल असर नपार्ने गरी संरक्षण गरिराख्नु पर्नेछ ।

(८) वृक्षारोपणको लागि गलत स्थान छनौट गरेका कारण वा अन्य कुनै लापरबाही वा जिम्मेवारीपूर्वक काम नगरेको कारणबाट वृक्षारोपण सफल हुन नसकेको देखिएमा सो को दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकाय र वन कार्यालयको पनि हुनेछ ।

(९) जिल्ला वन कार्यालयले वृक्षारोपण सम्पन्न क्षेत्रको नाप, नक्शा र प्रारम्भिक अवस्था चित्रण अभिलेखको साथै तोकिएबमोजिम प्रगतीको जानकारीहरु सम्वन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा दिनुपर्ने छ ।

(१०) यस दफामा अन्यत्र जे सुकै कुरा लेखिएको भएतापनि वृक्षारोपण गर्ने उपयुक्त स्थान नै उपलब्ध हुन नसकेमा उद्योग वा खोटो सङ्कलनगर्ने निकायले प्रचलित नर्मस बमोजिम आफूले करारनामाको अवधिभरमा गर्नुपर्ने वृक्षारोपणको क्षेत्रफल अनुसारको वृक्षारोपणको लागत रकम र सो को पाँच वर्षसम्म संरक्षण गर्न लाग्ने सम्पूर्ण खर्च बराबरको रकम सम्बन्धित जिल्ला वन कार्यालयको छुट्टै खातामा जम्मा गरी सो को एक प्रति वैंक भौचर जिल्ला वन कार्यालयमा बुझाउनु पर्नेछ । जिल्ला वन कार्यालयले उक्त खातामा जम्मा भएको रकम जिल्लाको वन विकास कार्यक्रम तयार गरी सम्बन्धित क्षेत्रिय वन निर्देशकबाट स्वीकृती गराई खर्च गर्न सक्नेछ । जिल्ला वन कार्यालयले अभिलेख राखी त्यसको प्रगति प्रतिवेदन एवं जानकारी सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पनि अनिवार्य रुपमा दिनु पर्नेछ ।

१७. **अनुगमन तथा मूल्याङ्कन व्यवस्था :** (१) श्रोत सर्वेक्षण, खोटो सङ्कलनगर्ने क्षेत्र र रुखको छनौट, रिल बनाउने, अम्लीय घोलको वनावट, घोलको प्रयोजन, खोटो संकलन, ढुवानी, घाटगद्दी एवं निकासी, वृक्षारोपण एवं पुनर्स्थापन, खोटो सङ्कलननगरी छाड्नु पर्ने रुखको छनौट गर्ने लगायतका सम्पूर्ण

कार्यहरु सम्बन्धित रेञ्जपोष्टको रेन्जरको प्रत्यक्ष निगरानीमा मात्र संचालन गर्नुपर्नेछ । उल्लिखित कार्यहरुको नियमित अनुगमन नगरेमा वा गराउन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित रेञ्जपोष्टको रेन्जर, इलाका वन कार्यालयका सहायक वन अधिकृत र जिल्ला वन अधिकृत हुनेछन् ।

(२) खोटो संकलनसँग सम्वन्धित कार्यहरुमा कुनै किसिमको अनियमितता देखिएमा तुरुन्त सो को रोकथाम गरी आवश्यक सुधार समेतको व्यवस्था सम्बन्धित रेञ्जपोष्ट, इलाका वन कार्यालय र जिल्ला वन कार्यालयले गर्नुपर्दछ । त्यस्तो अनियमितता भएको बारेमा सम्बन्धित जिल्ला वन अधिकृतले कारबाही गरी क्षेत्रीय वन निर्देशक र वन विभागका महानिर्देशक समेतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) सम्बन्धित जिल्ला वन अधिकृतले खोटो सङ्कलनगर्ने कार्यको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण/वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका प्रावधानहरु लगायत वन विभागसँग खोटो-संकलनसम्बन्धी सम्झौता गरेका उद्योग वा खोटो सङ्कलनगर्ने निकायहरुले सम्झौता अनुरूप कार्य गरे नगरेको नियमितरुपमा अनुगमन गर्नु पर्नेछ ।

(४) खोटो सङ्कलनतथा विक्री वितरण सम्बन्धी मासिक प्रगति विवरण जिल्ला वन कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(५) खोटो सङ्कलनसम्बन्धी कार्यको वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्न सम्बन्धित जिल्ला वन अधिकृत स्वयंले अनिवार्य रुपले शत्प्रतिशत क्षेत्र वृक्षारोपण, र्‍यान्डम स्याम्पलिङ्गको माध्यमबाट र्‍यान्डम नम्वर प्रयोग गरी कम्तिमा १० प्रतिशत खोटो सङ्कलननगरी छाडेको रुखहरु, सोहि र्‍यान्डम तालीकाको प्रयोगवाट खोटो सङ्कलनगरेको रुखहरुमध्ये कम्तिमा एक प्रतिशत स्थलगत निरीक्षण गरी समग्र अवस्था, निरीक्षण गरेका रुखको नम्बर लगायतका वन क्षेत्रमा परेको समग्र प्रभाव समेतको वास्तविकता खुलेको स्पष्ट र तथ्यपरक स्थलगत प्रतिवेदन तयार गरी सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा एक एक प्रति पठाउनु पर्नेछ । साथै क्षेत्रीय वन निर्देशकले वा निजले खटाएको कर्मचारीबाट खोटो सङ्कलनगरिएका रुखहरु मध्ये कम्तिमा ०.१ प्रतिशत रुखहरु र्‍यान्डम तालीकाको प्रयोग गरी वार्षिक रुपले स्थलगत निरीक्षण गर्नु पर्नेछ ।

(६) खोटो सङ्कलनगर्ने सिजन सकिएको तीन महिना भित्र (माघ महिना भित्र) उपदफा (५) बमोजिम वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्ने कार्य उद्योग वा खोटो सङ्कलनगर्ने निकायको प्रतिनिधि र जिल्ला वन कार्यालयको प्रतिनिधिको रोहवरमा सम्बन्धित क्षेत्रीय वन निर्देशक वा निजले तोकेको कर्मचारीले गरिसक्नु पर्नेछ । वार्षिक अनुगमन फारामको नमूना अनुसूची ७ बमोजिम हुनेछ ।

(७) वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्दा नियमानुसार गरिनु पर्ने कामहरु भए गरेको नपाइएमा सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायलाई प्रचलित ऐन नियमानुसार अधिकार प्राप्त अधिकारीले कारवाही गर्नु पर्नेछ । जिल्ला वन कार्यालय तथा अनुगमन गर्ने निकायबाट दिएको निर्देशनहरु र यस निर्देशिकामा उल्लेख भएका प्रावधानहरुको अनिवार्य रुपमा पालना गर्नुपर्ने सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद -७

## अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था

१८. **अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था मिलाउनु पर्ने :** (१) खोटो सङ्कलनक्षेत्र, अन्य वन क्षेत्र, खोटो सङ्कलनगर्ने डिपो एवं घाटगद्दीमा समेत आगलागी हुन नदिनको लागि सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायले समयमा नै सचेत भई अग्नि नियन्त्रणको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) सल्लाका वनमा खासगरी चैत्र देखि आषाढसम्म झरिरहने सल्लेपिरका कारण आगलागीको डर हुने भएकोले उक्त समयमा सल्लाका वन तथा संकलित खोटोसमेतको बचाउ गर्न वनमा थुप्रिएर रहेका सल्लेपिर नियमित रूपमा सफा गर्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो सल्लेपिर नजिकको खोल्साखोल्सीमा थुपार्ने वा नियन्त्रित आगो लगाउने व्यवस्था समेत मिलाउनु पर्नेछ ।

(३) वनमा आगो लाग्न नदिनको लागि विशेष गरी सुख्खा याममा बाहिर हावा लाग्ने ठाउँमा कामदारहरुलाई जथाभावी आगो बालेर खाना पकाउन दिनु हुँदैन । साथै खाना पकाई सकेपछि बालेको आगो राम्ररी निभाउनु लगाउनु पर्नेछ ।

(४) वन क्षेत्रमा कामदारहरुले चुरोट, बिंडि खाएर ठूटो ननिभाईकन जथाभावी फाल्नु हुँदैन ।

(५) मट्टितेल, डिजेल, मोविल, पेट्रोल आदि प्रयोग गर्दा, खोटो संकलन, ढुवानी  र घाटगद्दी गर्दा समेत जथाभावी पोखिने गरी गर्नु हुँदैन ।

(६) खोटो सङ्कलनक्षेत्रमा अग्नी रेखाको निर्माण गर्न वन भित्र रहेका गोरेटो बाटोहरुमा भएका पातपतिङ्गर गर्मी याम अगाडि नै सफा गर्नु पर्नेछ ।

(७) खोटोको भण्डारन सकभर वन क्षेत्र बाहिर खुल्ला ठाँउमा गर्ने र आगलागिबाट सुरक्षित राख्न सधैं सफासुग्घर राख्नु पर्नेछ ।

(८) डिपो एवं घाटगद्दीमा रहेको खोटो आगलागीबाट जोगाउन वरिपरिको पातपतिङ्गरलाई निरन्तर रुपमा सफा गरी राख्नुपर्नेछ  र सम्बन्धित उद्योग वा निकायले आगलागी नियन्त्रणका लागि पालो पहराको व्यवस्था गर्नु पर्नेछ ।

(९) वन क्षेत्र, डिपो एवं घाटगद्दीमा कुनै कारणबाट आगो लाग्न गएमा कर्मचारी र कामदारहरु सबै मिली तुरुन्तै निभाउनु पर्नेछ । ठूलो आगो लागेमा स्थानीय जनताको समेत सहयोग लिई आगो निभाउनु पर्नेछ ।

(१०) वन क्षेत्रमा भएको आगलागीको जानकारी तुरुन्त सम्बन्धित जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ । जिल्ला वन अधिकृतले पनि आगो लागेको जानकारी प्राप्त भएमा क्षति हुन नदिन आवश्यक प्रबन्ध तत्काल मिलाउनु पर्नेछ । साथै त्यस्तो वन क्षेत्रको निरीक्षण जिल्ला वन अधिकृत स्वयं वा आफ्नो मातहतको कर्मचारी खटाई आगलागीको क्षेत्रफल र हानी-नोक्सानीको परिमाण यकिन गरी पेश गर्नु गराउनु पर्नेछ । कसैको जानाजानी वा लापरवाहीको कारण आगलागी भएको देखिन आएमा जिल्ला वन अधिकृतले वन ऐन, २०४९ बमोजिम कारबाही र सँजाय गर्नुपर्नेछ ।

## परिच्छेद -८

## विविध

१९. **विविध :** (१) उद्योग वा खोटो सङ्कलनगर्ने निकायले आफैं वा आफ्नो कुनै कामदारबाट वनमा कुनै अनियमित कार्य गरेमा प्रचलित वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ अनुसार कारवाही हुनेछ ।

(२) नेपाल सरकारको निर्णयानुसार चार किल्ला तोकी दिएको वन क्षेत्रमा माथि अन्य परिच्छेदमा जुनसुकै कुरा लेखिए तापनि जिल्लाको वन कार्ययोजनामा उल्लेख भएको वर्षभर सङ्कलनहुने खोटोको परिमाण भित्र मात्र सङ्कलनगरी बिक्री वितरण गर्न पाइनेछ ।

(३) उद्योग वा निकायले खोटो-सङ्कलनर ढुवानी कार्यको लागि स्थानीय महिला र दलितलाई कुनै भेदभाव नगरी प्राथमिकता दिई काममा लगाउनु पर्नेछ ।

(४) खोटो संकलन, ढुवानी, घाटगद्दी लगायतका सम्पूर्ण कार्यहरु उद्योग वा खोटो सङ्कलनगर्ने निकायको आफ्नै खर्चमा गर्नु पर्नेछ ।

(५) उद्योग वा खोटो सङ्कलनगर्ने निकायले खोटो सङ्कलनगर्ने वन क्षेत्र तथा रुख छनौट, रिल निर्माण, खोटो संकलन, ढुवानी एवं घाटगद्दी लगायतका सम्पूर्ण कार्यहरुमा खटाईएका कामदार, सुपरभाईजर, सहायक सुपरभाईजर लगायतका सबै कर्मचारीहरुको तीन पुस्ते विवरण अनुसूची–८ बमोजिमको ढाँचामा काम प्रारम्भ गर्नु अगावै सम्बन्धित जिल्ला वन कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । त्यस्ता सर्म्पूण कर्मचारी एवं कामदारहरुलाई अनुसूची–९ बमोजिमको ढाँचामा फोटो सहितको परिचय पत्र उद्योग वा खोटो सङ्कलनगर्ने निकायले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

(६) यदि कुनै जिल्लामा दुई वा दुई भन्दा बढी उद्योग वा खोटो सङ्कलनगर्ने निकायहरुलाई खोटो सङ्कलनगर्ने वन क्षेत्र उपलब्ध गराउंदा सम्भव भएसम्म प्राकृतिक सिमानाहरुलाई आधार मानी छुट्याउनु पर्ने छ ।

(७) वन भित्रै बसी खोटो-सङ्कलनगर्ने कामदारलाई खाना पकाउने दाउरा आवश्यक परेमा सम्बन्धित जिल्ला वन कार्यालयले स्वीकृत वन कार्ययोजनाको अधिनमा रही नियमानुसारको दस्तुर लिई सुकेका दाउरामात्र प्रयोग गर्न दिन सक्नेछ ।

(८) वन मुद्दाको कारबाहीको सिलसिलामा बरामद भएको खोटो सो मुद्दाको किनारा लागेपछि कसूर नठहरेमा सङ्कलनगर्ने व्यक्ति वा निकायलाई नै दिनुपर्नेछ । त्यस्तो खोटो जफत हुने ठहरिएमा वा बेवारिसी खोटो भएमा अधिकार प्राप्त अधिकारीले वन पैदावार लिलाम बिक्री वितरण कार्यविधि निर्देशिका, २०६० बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ ।

(९) यस निर्देशिकामा उल्लेखित व्यवस्थाको पालन गर्नु गराउनु जिल्ला वन अधिकृतको कर्तव्य हुनेछ । साथै यस सम्बन्धमा हुने सम्पूर्ण काम कारवाहीको जिम्मेवारी समेत जिल्ला वन अधिकृतको हुनेछ ।

(१०) सङ्कलनएवं निकासी गर्न लागेको वा बिक्री वितरण भएको खोटो वन कर्मचारीले आफ्नो कार्यक्षेत्र भित्र जुनसुकै ठाउँमा जुनसुकै समयमा पनि निरीक्षण गर्न सक्नेछ ।

(११) खोटो सङ्कलनगर्ने काम गर्न पाएको जिल्ला वा क्षेत्रमा खोटो संकलन, घाटगद्दी र छोडपूर्जी आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि जिल्ला वन कार्यालय र उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा क्षेत्रीय वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलनगर्ने करारनामाको अवधि समाप्त भएपछि वा खोटो सङ्कलनगर्ने कार्य छोड्ने अवस्था भएमा सो बखत अन्तिम जाँच गर्नुपर्नेछ । अन्तिम जाँच फारामको नमूना अनुसूची– १० बमोजिम हुनेछ ।

(१२) अन्तिम जाँच गर्दा नियमानुसार गरिनुपर्ने कामहरु भए गरेको नपाइएमा सम्बन्धित उद्योग वा खोटो सङ्कलनगर्ने निकायलाई प्रचलित ऐन नियमानुसार अधिकार प्राप्त अधिकारीले कारवाही गर्नेछ ।

(१३) अधिकार प्राप्त अधिकारीले सल्ला पाईने सरकारद्वारा व्यवस्थित वनको कुनै क्षेत्रलाई वीउ उत्पादन, अनुसन्धान वा तालिम सञ्चालन क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(१४) उद्योग वा खोटो सङ्कलनगर्ने निकायले खोटो सङ्कलनगरिरहेको क्षेत्र र सो बाहेकका अन्य खोटे सल्लाको वन क्षेत्रमा यस सम्बन्धी वैज्ञानिक अध्ययन, अनुसन्धान गर्न कुनै व्यक्ति, शैक्षिक संस्था लगायतका निकायले प्रस्ताव सहित अनुरोध गरेमा कानूनद्वारा तोकिएका निषेधित कार्यहरु बाहेकका कार्यहरु गर्ने गरी अधिकार प्राप्त अधिकारीले अनुमति दिनसक्नेछ । यस्तो अध्ययनको एक प्रति वन विभागलाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

(१५) खोटो लगायत वन पैदावारको स्रोत, उपलब्धता, उत्पादन, व्यवस्थापन, सङ्कलनविधि, प्रशोधन र सदुपयोग पक्षमा आवश्यक सर्वेक्षण तथा अनुसन्धान कार्यसमेत सर्वेक्षण एवं अनुसन्धान गर्ने निकायबाट गर्न सकिने छ । सर्वेक्षण एवं अनुसन्धान निकायबाट प्रकाशित नतिजालाई वन तथा भू"संरक्षण मन्त्रालयले मान्यता गरेपछि वन विकास कार्यको लागि आधिकारिक निर्देशिकाको रुपमा लिन सकिनेछ ।

(१६) पाटेसल्ला *(Pinus patula)* र गोब्रेसल्ला *(Pinus wallichiana)* को वार्षिक उत्पादनको हकमा अनुसन्धानबाट निश्चित भई मन्त्रालयबाट स्वीकृत गरिए बमोजिम हुनेछ ।

(१७) सामुदायिक वन क्षेत्रमा कुनै उद्योग वा खोटो सङ्कलनगर्ने निकायले सम्बन्धित उपभोक्ता समूहसँग करारनामा गरी खोटो सङ्कलनगर्दा समेत यो कार्यविधि निर्देशिका बमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्नेछ ।

(१८) खोटो सङ्कलनसम्वन्धी कुनै उद्योगसँगको करारनामामा सम्झौताको म्याद थप वा परिमाण थप गर्दा त्यस उद्योगले विगतमा गरेको खोटो संकलन/प्रशोधन सम्वन्धी कामको अनुगमन गरी मुल्याङ्कन गरिएको आधारमा स्रोतमा ह्रास नआउने गरी दिगो विकास र वातावरण संरक्षण समेत हुने देखिएमा मात्र म्याद थप/परिमाण थप हुने व्यवस्था गर्नु पर्नेछ ।

(१९) यस निर्देशिकामा लेखिएका कुराहरु उपर उठेका विवादहरुको व्याख्या गर्ने अधिकार वन विभागलाई हुनेछ । वन विभागको व्याख्यामा चित्त नबुझ्ने पक्षले सो उपर वन तथा भू–संरक्षण मन्त्रालयमा निवेदन दिन सक्नेछ र व्याख्याका सम्वन्धमा सो मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १

(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन विभाग**

**रुख गणनाको रजिष्टर**

**आ. व. २०......।२०...........**

| |
|---|
| जिल्ला वन कार्यालयः ..................... इलाका वन कार्यालयः ................. रेञ्जपोष्टः..............गा. वि. स. ....................वडा नं. ....... वनको नाम :- ............. ........ कुप नं. ....................... कुपको क्षेत्रफल............ <br>चार कील्ला : **पूर्व** ................ **पश्चिम** ................ **उत्तर**........................**दक्षिण**.................. <br>गणना गरिएको वर्ष र महिना :- ................ रुख गणनामा प्रयोग भएको रङ्ग ......................... <br>खोटो सङ्कलनगर्न लायक जम्मा रुखको संख्याः.................. <br>खोटो सङ्कलनगर्न लायक भएका तर खोटो सङ्कलननगरी छोडिएका जम्मा रुखको संख्याः............. |

**उद्योग वा खोटो सङ्कलनगर्ने निकायको नाम र ठेगानाः ..................................**

| **रुख नं.** | **छातिको उचाईमा रुखको व्यास (से.मी.)** | **कैफियत** |
|---|---|---|
| **१** | | |
| **२** | | |
| **३** | | |
| **४** | | |
| **५** | | |
| **६** | | |

| रुख गणना गर्ने कामदारको विवरण | रेञ्जपोष्ट/इ. व. का.को तर्फवाट गणना कार्यको चेकगर्ने कर्मचारीको विवरण | जि.व.का.को तर्फबाट |
|---|---|---|
| **१ नामः र दर्जा ...........** | **१..............** | |
| **२ ...........** | **२ ...........** | . |
| **पेश गर्ने** | **चेक जाँच गर्ने/सिफारिश गर्ने** | **प्रमाणित गर्ने** |
| ................ | ....................... | ....................... |
| **(सुपरभाइजर)** | **(रेञ्जर/स.व.अ.)** | **(जिल्ला वन अधिकृत)** |

## अनुसूची-२

(दफा ६ को उपदफा ८ र दफा ७ को उपदफा २ सँग सम्बन्धित)
**खोटो सङ्कलनगर्ने रुखको नम्बरिङ्ग गर्ने नमूना**

| |
|---|
| *कुप नं.:-*<br>*रुख नं.-*<br>*गोलाई- फिट*<br>*वर्षः-* |

**खोटो सङ्कलनगर्न लायक रुख तर खोटो सङ्कलननगरी छोड्ने रुखको नम्बरिङ्ग गर्ने नमूना**

| |
|---|
| *कुप नं.:-*<br>*रुख नं.-कुप नं./छोडेको रुख नं.*<br>*गोलाई- फिट*<br>*वर्षः-*<br><br>**+** |

- हरेक रुखमा नम्वरिङ्ग गर्दा धातु वा सानो एल्मोनियमको चारपाटे (१" X१") पातामा सवै भन्दा माथि कुप नं., त्यसको तल रुख नं., त्यसको तल गोलाई र त्यसको तल वर्ष लेखी रुखमा झुण्ड्याउनु पर्नेछ । पाता झुण्डाउंदा सकभर रुखमा एकदमै मसिनो तारले हल्का रुपमा रुखको वृद्धिमा प्रतिकूल असर नपर्ने र मानिसले पुग्न नसक्ने उचाईमा (७ फिट भन्दा माथि) वांध्नु पर्नेछ ।

**अनुसूची ३**

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

**सङ्कलननगरी छोडिएका रुखको विवरण राख्ने रजिष्टर**

**नेपाल सरकार**
**वन तथा भू-संरक्षण मन्त्रालय**
**वन विभाग**

जिल्ला वन कार्यालयः ………………… इलाका वन कार्यालयः …………….रेञ्जपोष्टः……………………
गा. वि. स. …………………वडा नं. ……. वनको नाम :- …………………………………………… …..
कुप नं. …. कुपको क्षेत्रफल………… चार किल्ला : **पूर्व** ……………  **पश्चिम** ……………
**उत्तर** ……………………**दक्षिण** ………………
गणना गरिएको वर्ष र महिना :- ……………  रुख गणनामा प्रयोग भएको रङ्ग ………………….
खोटो सङ्कलनगर्न लायक भएका तर खोटो सङ्कलननगरी छोडिएका जम्मा रुखको संख्याः…………

**उद्योग वा खोटो सङ्कलनगर्ने निकायको नाम र ठेगानाः** ……………………………

| रुख नं. | छातिको उचाईमा रुखको व्यास (से.मी.) | उचाई (मिटर) | छत्र व्यास (मीटर) | वर्ग (स्तर) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रुख गणना गर्ने कामदारको विवरण
**१ नामः र दर्जा** ………..
२ ………..

रेञ्जपोष्ट/इ. व. का.को तर्फवाट गणना कार्यको चेकगर्ने कर्मचारीको विवरण
**१**………….
**२** ………..

जि.व.का.को तर्फबाट
.

**पेश गर्ने**
…………….
**(सुपरभाइजर)**

**चेक जाँच गर्ने/सिफारिश गर्ने**
……………………
**(रेञ्जर/स.व.अ.)**

**प्रमाणित गर्ने**
……………………
**(जिल्ला वन अधिकृत)**

**अनुसूची-४**

(दफा १३ को उपदफा २ सँग सम्बन्धित)

**नेपाल सरकार**
**वन तथा भू-संरक्षण मन्त्रालय**
**वन विभाग**
**जिल्ला वन कार्यालय ......**

**खोटो निकासीको लागि मात्र चलानी पुर्जीको नमूनाः**

चलानी नं. ............ छो्डपूर्जीको च. नं. .....
चलानी मिति ................. छोडपूर्जीको मितिः ...
छोडपूर्जीको टिन संख्याः ..........परिमाणः ..........कि. ग्रा.................
सवारी साधनको किसिम र नम्बरः .....................ड्राईभरको नामः ................. कहाँदेखिः ............................. कहाँसम्म -(कारखाना स्थान) .................. ।
छोडपूर्जी पाउनेको नाम र ठेगाना (उद्योग वा निकायको नाम र ठेगाना): ............. ..

| चलानी नं. | कुप नं. | सङ्कलनगर्ने कामदारको नाम | ढुवानी गर्ने कामदारको नाम | डिपो नं. | ढुवानी गरेको टिन संख्या | ढुवानी गर्ने टिनको सि.नं. हरु र तौल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| **पेश गर्ने** | **चेक जाँच गर्ने/सिफारिश गर्ने** | **प्रमाणित गर्ने** |
|---|---|---|
| ................ | ........................ | ........................ |
| **(सुपरभाइजर)** | **(रेञ्जर/स.व.अ.)** | **(जिल्ला वन अधिकृत)** |

**अनुसूची-५**
(दफा १३ को उपदफा २ सँग सम्बन्धित)
**नेपाल सरकार**
**वन तथा भू-संरक्षण मन्त्रालय**
**वन विभाग**
**जिल्ला वन कार्यालय ......**
**खोटोको छोडपूर्जी**

पत्र संख्या
चलानी मितिः

**विषयः खोटोको छोडपूर्जी दिएको वारे ।**

श्री ...........................

जिल्ला वन कार्यालय, ............. को मिति .................... को छोडपत्र नं. ............. अनुसार तपसिल बमोजिमको खोटोको लाग्ने रकम नगदी नं. ......../भौचर नं. ......... बाट रु. ...............(अक्षेरुपी ................) प्राप्त भैसकेको हुंदा आजको मितिले ............ दिन भित्र सो खोटो उठाई लैजानु होला । म्याद भित्र खोटो उठाई नलगी हिनामिना भएमा सो को जिम्मेवार स्वयं तपाई नै हुने र तोकिएको प्रयोजन र स्थानमा नलगी अनियमित भए गरेमा कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

| चलानी नं. | कुप नं. | डिपो नं. | ढुवानी गरेको टिन संख्या | ढुवानी गर्ने टिनको सि.नं. हरु र तौल | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | खोटोको नापी लगत यसै साथ संलग्न छ |
| | | | | | | |

...............
जिल्ला वन अधिकृत

वोधार्थः
श्री जिल्ला वन कार्यालय, ............. (पुग्ने ठाउँको)
श्री ............... ई.व.का.: कर्मचारीको रोहवरमा लोड गराई दरपिठ गरी पठाउंनु हुन ।
श्री लेखा शाखा,
श्री .................. रे.पो.

## अनुसूची-६

(दफा १७ को उपदफा ४ सँग सम्बन्धित)

**खोटो सङ्कलनसम्बन्धी मासिक प्रगति प्रतिवेदन फाराम**

**जिल्ला वन कार्यालय .............**

**आ. व. २०.....।२०....... .................. महिनाको खोटो सङ्कलनप्रगति प्रतिवेदन**

**(१) खोटो सङ्कलनविवरण**

**(क) सरकारद्वारा व्यवस्थित वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | खोटो सङ्कलनगरेको वनको नाम | टेपिङ्ग रुख संख्या | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ख) सामुदायिक वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | खोटो सङ्कलनगरेको वनको नाम | टेपिङ्ग रुख संख्या | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(२) छोडपूर्जीको विवरण**

**(क) सरकारद्वारा व्यवस्थित वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको परिमाण (कि.ग्रा.) | जम्मा राजश्व (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी परिमाण (कि.ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ख) सामुदायिक वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको परिमाण (कि.ग्रा.) | जम्मा राजश्व (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी परिमाण (कि.ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**पेश गर्ने**

...............

दर्जा: ...

मिति:

**प्रमाणित गर्ने :**

..........................

(जिल्ला वन अधिकृत)

मिति:

**अनुसूची-७**

(दफा १७ को उपदफा ६ सँग सम्बन्धित)

**वार्षिक अनुगमन तथा मूल्याङ्कन फाराम**

**आ. व. २०...।२०....**

| |
|---|
| जिल्ला वन कार्यालयः ............ इलाका वन कार्यालयः ................ रेञ्जपोष्ट :................... |
| गा. वि. स. ....................वडा नं. ....... वनको नाम :- .................... ..... कुप नं. .... |
| कुपको क्षेत्रफल........... चार किल्ला : **पूर्व ........... पश्चिम ..... .... उत्तर........ दक्षिण .........** |
| गणना गरिएको वर्ष र महिना :- .......रुख गणनामा प्रयोग भएको रङ्ग ................... |
| खोटो सङ्कलनगर्न लायक जम्मा रुखको संख्याः............... |
| खोटो सङ्कलनगर्न लायक भएका तर खोटो सङ्कलननगरी छोडिएका जम्मा रुखको संख्याः .......... |

**उद्योग वा खोटो सङ्कलनगर्ने निकायको नाम र ठेगानाः ................................. करारनामा भएको मितिः ......................... करारनामाको म्याद समाप्त हुने मितिः ....................**

| **सि. नं.** | **रुख नं.** | **छातिको उचाईमा रुखको व्यास (से.मी.)** | **छत्र व्यास ( मीटर)** | **संकलित खोटोको परिमाण (कि. ग्रा.)** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |

- स्थलगत निरीक्षण गरिएका कूपहरुको संख्या र नम्बरः: .......................
- रिल निर्माण तोकिए बमोजिमको विधिबाट गरेको/नगरेकोः .....................
- अनियमितरुपबाट खोटो सङ्कलनगर्दा मर्न गएका रुखहरुको संख्याः ..................
- खोटो सङ्कलनतथा ढुवानी गर्ने कार्यमा स्थानीय बासिन्दाहरुको संलग्नता भए/नभएको
- सङ्कलनभएको खोटोको जम्मा परिमाणः ............कि. ग्रा.
- छोडपूर्जी भएको खोटोको जम्मा परिमाण र प्राप्त राजश्व विवरणः .......कि. ग्रा., रु. .........
- घाटगद्दीमा रहेको खोटोको जम्मा परिमाणः .............कि. ग्रा.
- वृक्षारोपण गर्नुपर्ने नपर्ने र गरेको भए सो को क्षेत्रफलः ............... हेक्टर
- वृक्षारोपण क्षेत्रमा लगाइएका मध्ये बाँचेका विरुवा प्रतिशतः..........
- वृक्षारोपणको समग्र गुणस्तरः अति उत्तम, उत्तम सामान्य र न्यून
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण/वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य नभएको भए सोको विवरणः
- समग्रमा खोटो संकलन, ढुवानी र घाटगद्दी, निकासी लगायत कार्यहरु नियमित रुपमा भए/नभएको
- केही राय सुझावहरु भए उल्लेख गर्नेः

| उद्योग वा खोटो सङ्कलनगर्ने कर्मचारीको निकायको तर्फबाट रोहवरमा बस्ने प्रतिनिधि/कर्मचारीको | जि. व.का को तर्फबाट रोहवरमा बस्ने कर्मचारीको | अनुगमन तथा मूल्याङ्कन गर्ने |
|---|---|---|
| नामः | नामः | नामः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |

**अनुसूची-८**

(दफा २० को उपदफा ५ सँग सम्बन्धित)

**खोटो सङ्कलनकार्यमा खटाईएका सर्म्पूण कामदार लगायतका कर्मचारीहरुको**

**तीन पुस्ते विवरण फाराम**

**आ. व. २०.....।२०....**

उद्योग वा खोटो सङ्कलनगर्ने निकायको नाम र ठेगानाः .......................................

जिल्लाः ............. रेञ्जपोष्टः ......... डिपोः................ कुप नं.......... मितिः............

| सि.नं. | कर्मचारीको नाम, थर | दर्जा | उमेर | लिङ्ग | बाबुको नाम, थर | बाजेको नाम, थर | स्थायी ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सुपरभाईजरको नामः ........ प्रबन्धकको नामः..........

हस्ताक्षरः ............. हस्ताक्षरः.................

मितिः.................. मितिः ...................

**अनुसूची-९**

(दफा २० को उपदफा ५ सँग सम्बन्धित)

**परिचय–पत्र**

**(अगाडीको पाना)**

प. पत्र नं.:

**..........................रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज (प्रा.) लि.**

**...................................**

**परिचय –पत्र**

**फोटो**

नामः ...........................................

ठेगानाः .......................................

दर्जाः ...........................................

जारी गरेको मितिः ..........................

................................. ............................

प्रमाणपत्र लिनेको दस्तखतः प्रमाणित गर्नेको दस्तखतः

**(पछाडीको पाना)**

**नविकरण**

| देखि | सम्म | नविकरण गर्नेको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**अनुसूची-१०**

(दफा २० को उपदफा ११ सँग सम्बन्धित)

**अन्तिम जाँच गर्ने फाराम**

जिल्ला वन कार्यालयः ..................... इलाका वन कार्यालयः ............. रेञ्जपोष्ट ...................
गा. वि. स. .....................वडा नं. ....... वनको नाम : .................................................. कुप नं. .... कुपको क्षेत्रफल............
चार किल्ला : **पूर्व ................पश्चिमः............... उत्तर....................... दक्षिण...................**
गणना गरीएको वर्ष र महिना : ............... रुख गणनामा प्रयोग भएको रङ्गः.........................
खोटो सङ्कलनगर्न लायक जम्मा रुखको संख्याः..................
खोटो सङ्कलनगर्न लायक भएका तर खोटो सङ्कलननगरी छोडिएका रुखहरुको नम्बरः..................
खोटो सङ्कलनगर्न लायक भएका तर खोटो सङ्कलननगरी छोडिएका जम्मा रुखको संख्याः.............

**(क) खोटो सङ्कलनगरेका रुखहरुको विवरणः**

| सि. नं. | रुखको नम्बर | छातिको उचाईमा रुखको व्यास (से.मी.) | छत्र व्यास (मीटर) | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(ख) खोटो सङ्कलन नगरी छोडिएका रुखहरुको विवरणः**

| सि. नं. | रुखको नम्बर | उचाई (मी.) | छातिको उचाईमा रुखको व्यास (से.मी.) | छत्र व्यास ( मीटर) | रुखको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(ग) खोटो सङ्कलनसम्बन्धी अन्य विवरणः**

- स्थलगत निरीक्षण गरिएका कूपहरुको संख्या र नम्बरः
- रिल निर्माण तोकिए बमोजिमको विधिबाट गरेको/नगरेको
- अनियमितरुपबाट खोटो सङ्कलनगर्दा मर्न गएका रुखहरुको संख्याः
- खोटो सङ्कलनतथा ढुवानी गर्ने कार्यमा स्थानीय बासिन्दाहरुको संलग्नता भए/नभएको
- वृक्षारोपण गर्नुपर्ने भए के कति क्षेत्रफलमा गरेकोः .......... हेक्टर
- वृक्षारोपण क्षेत्रमा लगाइएका मध्ये बाँचेका विरुवा प्रतिशतः .........
- वृक्षारोपणको समग्र गुणस्तरः अति उत्तम, उत्तम सामान्य र न्यून

- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य भए नभएको:..........
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य नभएको भए सोको विवरण:
- समग्रमा खोटो संकलन, ढुवानी र घाटगद्दी लगायत निकासी कार्यहरु नियमित रुपमा भए/नभएको
- केही राय सुझावहरु भए उल्लेख गर्ने:

| उद्योग वा खोटो सङ्कलनगर्ने कर्मचारीको निकायको तर्फबाट रोहवरमा बस्ने प्रतिनिधि/कर्मचारीको | जि. व.का को तर्फबाट रोहवरमा बस्ने कर्मचारीको | अनुगमन तथा मूल्याङ्कन गर्ने |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| दर्जा: | दर्जा: | दर्जा: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: |